ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५ औं वर्ष
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: ३३३ ॥ आइतबार १० जेठ २०८३ ॥ अष्टकी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Sunday 24 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## भुटनदेवीद्वारा उत्कृष्ट विद्यार्थी सम्मान



सन्देश संवाददाता

हेटौंडा/भुटनदेवी माध्यमिक विद्यालय हेटौंडा-४ ले उत्कृष्ट विद्यार्थी, अभिभावक तथा शिक्षक सम्मान एवम् नवआगन्तुक विद्यार्थी स्वागत कार्यक्रम गरेको छ। विद्यालयले शैक्षिक उत्कृष्टता, अनुशासन तथा विद्यालयप्रतिको योगदानको कदर गर्दै विभिन्न विधामा उत्कृष्ट विद्यार्थी, अभिभावक र शिक्षकलाई सम्मान गरेको थियो।

कार्यक्रममा नवआगन्तुक विद्यार्थीहरुलाई विद्यालय परिवारमा स्वागत गर्दै सफल शैक्षिक यात्राको शुभकामनासमेत व्यक्त गरिएको थियो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय व्यक्तित्वहरुको सहभागिता थियो। सहभागीहरुले गुणस्तरीय शिक्षासँगै सकारात्मक शैक्षिक वातावरण निर्माणमा सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए। विद्यालय प्रशासनले यस्ता कार्यक्रमले विद्यार्थीमा थप उत्साह, जिम्मेवारी र प्रतिस्पर्धात्मक भावना विकास हुने विश्वास व्यक्त गरेको छ।

# अब नरोक्ला कि बाघझोराले

सन्देश संवाददाता

हेटौंडा/भीमफेदी गाउँपालिकाको भैंसे बाघझोरा खोलामा बाढी आएका कारण गर्भवतीलाई हेटौंडा अस्पताल ल्याउन नसकिएपछि लोडरको सहयोगमा खोला तारेर ल्याइयो। सुत्केरी व्यथाले महिला छट्पटाउन थालेपछि लोडरको सहयोगले खोला तारिएको थियो।

बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने त्रिभुवन राजपथअन्तर्गत् भीमफेदी गाउँपालिका-१ स्थित उक्त बाघझोरा खोलामा अब अण्डरपास निर्माण प्रक्रिया अघि बढाइएको छ। परियोजना कार्यान्वयन तयारीस्वरुप भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत् जिम्मेवार अधिकारीहरु तथा प्राविधिक टोलीले निर्माणस्थलको स्थलगत् अध्ययन तथा निरीक्षण गरेका छन्।

बाघझोरा त्रिभुवन राजपथ सडकखण्डमा पर्ने एक संवेदनशील भिर तथा खोला क्षेत्र हो। यस स्थान हेटौंडाबाट भैंसे हुँदै काठमाडौं वा अन्य स्थानतर्फ जाने सडकमार्गमा पर्दछ। उक्त स्थान सडकको निकै अप्ठ्यारो र भिरयुक्त भागमा छ। भौगोलिक बनावटका कारण वर्षायाममा त्यहाँ सुक्खा पहिरो खस्ने र बाढी वा लेदो बग्ने गर्दा सडक पूर्णरुपमा अवरुद्ध हुने गर्दछ। यात्रा गर्दा पहिरो वा बाढीको उच्च जोखिम हुने भएकाले वर्षाको समयमा उक्त सडकखण्डमा यात्रा गर्न कठिनाइ हुन्छ।

वर्षायाममा बाघझोरा क्षेत्रमा हुने सडक अवरोध तथा सवारी जामको समस्या समाधान गर्ने उद्धेश्यसहित अण्डरपास निर्माण योजना अघि बढाइएको जनाइएको छ। परियोजनाका लागि १० करोड बजेट विनियोजन गरिएको छ भने अब छिट्टै टेण्डर प्रक्रिया अगाडि बढाइने तयारी गरिएको सम्बन्धित



पक्षले जनाएको छ।

मकवानपुर क्षेत्र नम्बर-२ का निवर्तमान सांसद् महेशकुमार बर्तौंलाले अण्डरपास निर्माण सम्पन्न भएपछि सामान्य वर्षाको समयमा समेत घण्टौंसम्म हुने सवारी जाम र यात्रुले भोग्दै आएको सडक सुरक्षासम्बन्धि चुनौती अन्त्य हुने विश्वास व्यक्त गरेका छन्। उनले भने-बाघझोरा क्षेत्रमा वर्षायाममा पटकपटक सडक अवरुद्ध हुँदा मकवानपुरसहित यस मार्ग प्रयोग गर्ने हजारौं यात्रुले सास्ती भोग्दै आएका छन्। अण्डरपास निर्माणपछि हेटौंडा-काठमाडौं यात्रा अझ सहज, भरपर्दो र सुरक्षित बन्नेछ। उनका अनुसार यस योजनाले सडक अवरोध न्यूनीकरण गर्नुका साथै जनजीवन, यातायात व्यवस्थापन तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

निवर्तमान सांसद् बर्तौंलाले योजनालाई अघि बढाउन प्रभावकारी समन्वय र सक्रिय पहल गर्ने मन्त्रालयअन्तर्गत् अधिकारीहरु, प्राविधिक टोली तथा सम्बन्धित निकायप्रति धन्यबाद तथा आभार व्यक्त गरेका छन्। 'जनताको अपेक्षाअनुसार निर्माण कार्य बिनाअवरोध छिट्टै प्रारम्भ भइ समयमै सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु,' उनले बताएका छन्।

हेटौंडा मुख्य बजार क्षेत्रबाट करिब ९ किलोमिटर उत्तरमा रहेको बाघझोरामा आउने बाढीले वर्षामा दैनिकजसो सडक अवरुद्ध हुँदा त्रिभुवन राजपथ र हेटौंडा-कुलेखानी-काठमाडौं सडकबाट ओहोरदोहोर गर्ने यात्रु सास्ती भोग्न बाध्य हुन्छन्। डिभिजन सडक कार्यालय हेटौंडाले बाघझोरामा सडक स्ल्याब गरेपछि वर्षामा अवरोध नहुने अपेक्षा गरिए पनि त्यसो हुन सकेन। वर्षासँगै आउने सानाठूला बाढीले ५/६ घण्टा सडक अवरुद्ध हुन पुग्छन्।

डिभिजन सडक कार्यालयले करिब २० लाख खर्च गरेर स्ल्याब ढलान गरे पनि पानी पर्नेबित्तिकै बाटो बन्द हुने समस्या हट्न सकेन। उक्त बाटो हुँदै दैनिक करिब एक हजार बढी सवारीसाधन ओहोरदोहोर गर्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। स्थानीयले वर्षौंदेखि बाघझोरमा पक्कीपुल निर्माणको माग गरे पनि सम्बन्धित निकायले सुनुवाइ गरेको छैन। जिल्ला समन्वय समिति र गाउँपालिका डिभिजन सडक कार्यालय हेटौंडाको कार्यक्षेत्र भन्दै पन्छिने गरेका छन्। पक्कीपुल निर्माण नभएसम्म वर्षामा नियमित सवारी सञ्चालनमा आउन सक्ने अवस्था नरहेको स्थानीयको भनाइ छ। बाघझोरा किनारमा बस्दै आएका स्थानीय बाढी आउनेबित्तिकै रातभर निदाउन सक्दैनन्। खोला किनारमा रहेका एक दर्जन परिवार राति पानी परेपछि जाग्राम बस्ने गरेका छन्। हेटौंडा सिमेन्ट उद्योगले ओखरे खानी सञ्चालनमा ल्याएपछि २०३६ सालसम्म खोल्साको रुपमा रहेको बाघझोराले विकराल रुप लिन थालेको थियो। सामान्य वर्षाका कारण गिटी, बालुवा र भलसहित पहिरो खस्दा सडक पूर्णरुपमा बन्द हुने गरेको छ।

वर्षाका कारण नारायणगढ-मुग्लिन सडकखण्ड अवरुद्ध हुँदा अधिकांश सवारीसाधन यही बाटो हुँदै काठमाडौं आवतजावत गर्ने गर्दछन्। तर, बाघझोराको अवरोधले यात्रु तथा सवारीसाधनले सास्ती खेप्ने गरेका छन्। स्तरोन्नतिमा ढिलाइसँगै एसियन हाइवेको नारायणगढ-मुग्लिन सडकखण्ड खतरामा परेको बेला तराइलाई राजधानी जोड्ने उक्त खण्ड जहिले पनि सरकारी ओझेलमा पर्दै आएको छ।

निवर्तमान सांसद् बर्तौंलाले बाघझोरा खोलाले निम्ताइरहने बारम्बारको अवरोधको दीर्घकालीन समस्या समाधान गर्न ओभरपास वा अण्डरपास के उपयुक्त हो, सोको तत्काल अध्ययन गरी कार्य प्रक्रिया अगाडि बढाउन तत्कालिन भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल र मन्त्रालयका सचिव केशबकुमार शर्मालाई भेटी ज्ञापनपत्र बुझाउँदै बाघझोरा खोलाले निम्त्याइरहने सडक अवरोधको दीर्घकालीन समाधान तत्काल खोज्न आग्रह गरेका थिए।

त्रिभुवन राजपथ संघीय राजधानी काठमाडौंबाट बागमती प्रदेशको राजधानी हेटौंडा जोड्नका लागिमात्र नभइ सिंगो देशका विभिन्न स्थानमा आवतजावत गर्ने महत्वपूर्ण सडक हो। 'बाघझोरा खोलाको समस्या केबल मकवानपुरबासीका लागिमात्र नभइ उक्त सडक भएर देशका विभिन्न भागका लागि यात्रा गर्ने सम्पूर्ण यात्रुको साझा समस्या हो,' उनले भने-थोरैमात्र वर्षा हुनेबित्तिकै पनि बाघझोरा खोलामा आउने खहरे बाढीले घण्टौं सडक अवरुद्ध हुने गरेको छ।

गत वर्ष पनि विगतझैं बाघझोरामा आएको खहरे बाढीले गर्दा घण्टौं सडक अवरुद्ध भइ सयौं सवारीसाधनका हजारौं यात्रुहरुले सडकमै रात बिताउनुपर्ने अवस्था सिर्जना भएको थियो। त्यसैले बाघझोरा खहरेले निम्त्याइरहने बारम्बारको समस्याको दीर्घकालीन समाधानका लागि तत्काल प्राविधिक अध्ययन गरी आवश्यक संरचना निर्माण गर्न उनले विशेष आग्रह गरेका हुन्।

## खानीमा ग्यास विस्फोटबाट ९० को मृत्यु

सन्देश संवाददाता

काठमाडौं/ताइयुवानको आपत्कालीन व्यवस्थापन ब्युरोका अनुसार उत्तरी चीनको साङ्सी प्रान्तमा भएको कोइला खानी दुर्घटनामा ९० जनाको मृत्यु भएको छ भने अन्य केही बेपत्ता छन्। स्रोतका अनुसार ताइयुआन काउन्टीको लिउसेनयु कोइला खानीमा ग्यास विस्फोट भएर दुर्घटना भएको थियो। प्रान्त सरकारले उद्धारकर्ता र चिकित्सा कर्मचारीसहित ७ सय ५५ जनालाई घटनास्थलमा उद्धारका लागि तैनाथ गरेको र उद्धार कार्य जारी रहेको जनाएको छ।

कुल १ सय २३ जनालाई उपचारका लागि अस्पताल पठाइएको मध्ये दुई जनाको अवस्था गम्भीर छ भने अन्य ३३ जना घर फर्केको जनाइएको छ। खानी दुर्घटनामा सम्बन्धित कम्पनीका जिम्मेवार व्यक्तिहरुलाई कानुनअनुसार नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको ब्युरोले जनाएको छ। राष्ट्रपति सी जिनपिङले घाइतेहरुको उपचारमा सबै प्रयास गर्न र घटनाको गहन अनुसन्धान गर्न निर्देशन दिएका छन्। खानीमा कार्बन मोनो अक्साइडको मात्रा अत्यधिक बढेको प्रारम्भिक रिपोर्टमा उल्लेख गरिएको छ।

# सकियो अभिभावक शिक्षा कार्यक्रम

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको कैलाश गाउँपालिकाले अभिभावकलाई लक्षित गरी अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम समापन भएको छ। कैलाश-२ मा अवस्थित कमलादेवी माविबाट सुरु भएको कार्यक्रम शनिबार कैलाश-९ नामटारमा रहेको कालिका माविमा कार्यक्रम गरेसँगै समापन भएको हो।

वडा-९ का अध्यक्ष भुवनसिं घलानको सभाध्यक्षता तथा पालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम समापन गरिएको हो। कार्यक्रममा पालिका अध्यक्ष मुक्तानले गाउँपालिकाले अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई नीति तथा कार्यक्रममा राखेर यस वर्षदेखि कार्यक्रम सञ्चालन गरिएको बताए। 'बालबालिकाको निगरानी अभिभावकको हो। शिक्षा नीतिअनुरुप अभिभावकलाई शिक्षा दिनु आवश्यक रहन्छ,' मुक्तानले भने। बालबालिकाको सोच परिवर्तन गरी शिक्षा प्रदान गरिनुका साथै अभिभावकको सुझावअनुसार स्थानीय सरकारले आवश्यक नीतिनिर्माण गर्ने उनले बताए।

सामाजिकसञ्जालले विद्यार्थीहरु मात्र नभइ अभिभावकमा पनि असर पर्दै गएको अध्यक्ष मुक्तानले बताए। सञ्जालमा सकारात्मक भन्दा नकारात्मक विषयवस्तु बढी पाइने भएकाले पठनपाठनमा समेत असर पुगेको देखिन्छ। कैलाशमा शिक्षामा सुधार भइरहेको छ, सिक्ने र सिकाउने कार्य निरन्तर रहिरहने भएकाले विद्यालयमा मात्र नभइ आफ्ना बच्चाहरुलाई घरमा पनि अभिभावकहरुले पठनपाठनमा ध्यान दिनुपर्ने उनले बताए।

'विद्यार्थी प्रविधिसँग जोडिनु राम्रो हो। तर, हाल मोबाइल प्रयोगले पठनपाठनमा समस्या उत्पन्न भइरहेको छ,' उनले भने-बालबालिकाको पहिलो पाठशाला घर हो, घरबाट बालबालिकालाई शिक्षित बनाउने वातावरण अभिभावकको रहन्छ। बच्चालाई कस्तो बनाउने अभिभावकको हातमा रहन्छ। 'स्वास्थ्य र शिक्षामा बालबालिकालाई कसरी अघि बढाउने काम भनेको अभिभावक हो,' वडा अध्यक्ष घलानले बताए। राम्रो मान्छेको मात्र संगत गराउनुपर्छ, सबै बच्चा राम्रो बनाउनु पर्छ। स्कुल जाने भनेर बच्चाहरुबीच बाटोमा तास खेल्नुका साथै खोला र पानीमा खेलेर बसेको भेटिएकाले शिक्षक र अभिभावकले त्यसतर्फ ध्यान दिन वडा अध्यक्ष घलानले बताए।

सामाजिकसञ्जालले विकृति निम्त्याएको छ। लागुपदार्थ सेवनसँगै बच्चाहरु मोबाइल हेरेर लतमा फसेको उनले बताए। लत भनेको चुरोट, सुर्ती र गाँजामात्र होइन, मोबाइल पनि लत रहेको घलानले बताए। घरमा संस्कार अभिभावकले दिने र विद्यालयमा शिक्षा शिक्षकले दिने उनले बताए। बालबालिकाको पढाइमा शिक्षक र अभिभावक दुवैको दायित्व रहने बताए।

कार्यक्रममा मुख्य प्रशिक्षक अभिषेक घिमिरेले अभिभावक शिक्षा र सचेतनासम्बन्धि कार्यपत्र प्रस्तुत गरी शिक्षा प्रदान गरेका थिए। शनिबार कालिका माविसँगै कैलाश-१० मा रहेको शान्तिसिर्जना आधारभुत विद्यालयमा पनि कार्यक्रम गरिएको थियो। वडा अध्यक्ष सूर्यबहादुर ब्लोनको सभाध्यक्षतामा कार्यक्रम भएको थियो। अभिभावक शिक्षा कार्यक्रममा बालबालिकासम्बन्धि जनचेतनामूलक गतिविधि, अभिभावक शिक्षा, सामाजिक सचेतना तथा सरोकारवालाबीच अन्तर्क्रियाले बालबालिकाको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्ने शिक्षा शाखा प्रमुख समीर जोशीले बताए। विद्यार्थीको व्यवहार सुधार, सिकाइ क्षमता वृद्धि, घर-विद्यालय समन्वय सुदृढीकरण तथा समुदायमा सकारात्मक परिवर्तन ल्याउनु कार्यक्रमको मुख्य उद्धेश्य रहेको जोशीले बताए। मुख्य प्रशिक्षक घिमिरे, कालिका मावि प्रअ रामप्रसाद कालाखेती, स्रोतशिक्षक ध्रुवराज बिष्ट, शान्तिसिर्जना अध्यक्ष कमल अर्याल, प्रअ हीराकुमारी मोक्तान लगायतको आतिथ्यता थियो।






हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
आइतबार १० जेठ २०८३
Sunday 24 May 2026


**उखान:** हारेको कुकुरले सँधैं दाँत देखाउँछ।

**|||| बेलाको बोली ||||**

भोको मानिसलाई ज्ञानको कुनै अर्थ छैन। यदि उसलाई ज्ञानदिनु छ भने पहिले खान दिनुपर्छ।

*- सत्यसाइ बाबा*

हेटौंडा सन्देश

## सम्पादकीय

# घर दैलोमै पुग्दै नेपाल सरकार

*नेपाल सरकारको १०० बुंदे योजनाअनुसार गृह मन्त्रालयअन्तर्गत स्थानीय प्रशासनले मकवापुर जिल्लाको हेटौंडामा गत बुधबारदेखि राहदानी (पासपोर्ट) घरमै पुऱ्याउन थालेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत् सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने व्यवस्था मिलाएको हो । राहदानी घरमै पुऱ्याउने सेवा सुरू भएपछि सेवाग्राहीले प्रशासन कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति पाएका छन् । यो कार्यले घरघरमा सिंहदरवार भन्ने नारा बल्ल सार्थक भएको प्रतिक्रिया दिएका छन् । यसअघिका सरकारले केवल नारामा मात्र सिमित राखेको सेवा बालेन सरकारले कार्यान्यिन गरेको छ । यस्ता सेवाहरू क्रमश बढ्दै जाने आशा लिईएको छ ।*

*हुलाक सेवामार्फत् हाललाई राहदानी वितरण सुरू गरिएका कारण समय र श्रम बचत गर्दै सेवाप्रक्रियालाई सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । सेवाको सुरूवातका रूपमा हुलाक कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका–४ बस्ने करिब २२ वर्षीय निश्चल मानन्धरको घरमै पुगेर राहदानी बुझाएको हो । राहदानी वितरणका लागि हुलाकका सम्बन्धित कर्मचारीसहित जिल्ला हुलाक कार्यालय प्रमुख र प्रशासनका कर्मचारी मानन्धरको घर पुगेका थिए । उनको जिवनमा पहिलो पटक घरमै राहदानी पाउँदा मानन्धरले नेपाल सरकारको कदम स्वागतयोग्य भएको बताए । राज्यले सर्वसाधारणलाई घरदैलो सेवाप्रवाह गर्ने बुँदा कार्यान्वयन गर्ने उद्धेश्यले प्रशासनको समन्वयमा हुलाक कार्यालय मकवानपुरले उक्त कार्य सुरू गर्दा उक्त सुबिधा प्रयोग गर्ने पहिलो सेवाग्राही उनले यस्तै सेवा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्ने बताए ।*

*स्थानीय प्रशासनले राहदानी वितरणका लागि हुलाक कार्यालयलाई ५० वटा राहदानी उपलब्ध गराएको छ । जिल्ला हुलाक कार्यालयका अनुसार सबै राहदानी तत्काल सेवाग्राहीको घरमा पुऱ्याइएको छ । सुरूवाती चरणमा उपमहानगर क्षेत्रमा सेवा उपलब्ध गराइए पनि भविष्यमा नागरिकता, परिचयपत्र र लाइसेन्ससमेत घरमै पुऱ्याउने लक्ष्य प्रशासनले लिएको छ । हालसम्म तयार भइसकेका तर लिन नआएका करिब पाँच सय राहदानी सेवाग्राहीको घरमा पुऱ्याउने योजना प्रशासनको छ । यसरी सेवा प्रदान गरेमा जनताले कर तिर्न आनाकानी नगर्लान कि ?*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट साथै भोजनको आनन्द प्राप्त हुनेछ | **बृष** | लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष सफलताले पनि हौसला जगाउनेछ। |
| **मिथुन** | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । समय बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। | **कर्कट** | समयमा सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् आयस्रोत सबल भए पनि प्रतिफल अरूका हातमा पर्न सक्छ |
| **सिंह** | नयाँ कामले नाम र दाम दिलाउनेछ कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ मिहिनेतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ | **कन्या** | विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ व्यवसायमा पनि फाइदै हुनेछ |
| **तुला** | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ | **बृश्चिक** | मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । बाध्यात्मक परिस्थि–तिले काममा अलमल्याउन सक्छ । |
| **धनु** | सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या पहिचान गर्न सकिनेछ तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ | **मकर** | प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा लाग्नेहरूलाई फाइदा हुनेछ । भौतिक स्रोत-साधन संग्रह हुनेछन्। |
| **कुम्भ** | दिगो फाइदा हुने योजना बन्न सक्छ प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्यका लागि औषधि जोहो गर्नुपर्ला । | **मिन** | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नयाँ आयकर ऐनको कार्यान्वयनमा चुनौती





✍ नरसागर श्रेष्ठ

भारतले आफ्नो नयाँ आर्थिक वर्षको सुरुवातका दिन अर्थात् अप्रिल १ देखि नयाँ आयकर ऐन, २०२५ लागू गरेको छ। अनुहारविहीन कर परीक्षण गर्ने व्यवस्था, कर व्यवस्थाको व्यापक डिजिटाइजेसन, कर व्यवस्थामा स्वच्छता र कर विवादलाई मुहानबाटै न्यूनीकरण गर्ने उद्देश्य लिएर यो नयाँ ऐन कार्यान्वयनमा आएको छ। यो ऐनले कर अधिकृतहरूको स्वविवेकीय निर्णय गर्ने परम्परा, करदातालाई हतोत्साहित गर्ने र कर प्रशासनमा भएको भ्रष्टाचारलाई अन्त्य गर्न खोजेको पाइन्छ। यो ऐन लागू भएपछि सरकारले डिजिटल निर्देशिका लागू गर्ने र विद्युतीय व्यवस्था पनि गर्ने भएको छ।

यसले आयकर व्यवस्थालाई सरलीकरण गरेको छ। कर परिपालना गर्न सरल, स्पष्टरूपमा बुझिने व्यवस्था गर्ने यसको मूल लक्ष्य छ। नयाँ आयकर ऐनले कर प्रशासनमा स्ट्रक्चर्ड एप्रोच अपनाएको छ। यसले डिजिटल शासकीय व्यवस्था अपनाई आधुनिक कर परिपालनाका तरिकाहरू अपनाउन खोजेको छ। भारतीय केन्द्रीय प्रत्यक्ष कर बोर्डलाई यसले बढी स्वायत्तता प्रदान गरेको पाइन्छ। पुरानो ऐनले व्यवस्था गरेको आयकरका दरलाई यसले यथावत् राखेको पाइन्छ। भारतको आयकर प्रशासनको दायराभित्र संस्थागत आयकर, न्यूनतम वैकल्पिक कर, लाभांश वितरण कर, व्यक्तिगत आयकर, छोटो अवधिको पुँजीगत लाभकर र लामो अवधिको पुँजीगत लाभकरहरू पर्छन्। नयाँ आयकर ऐनमा यसलाई यथावत् कायम गरेको देखिन्छ।

भारतको कुल जनसंख्यामध्ये ५ प्रतिशत जनताले आयकरको सम्पूर्ण भार वहन गर्नुपर्छ, जसलाई न्यायोचित मानिएको छैन। कुल जनसंख्यामध्ये ४३ प्रतिशत जनसंख्याले प्यान कार्ड लिएको र त्यसमध्ये ११ प्रतिशत प्यान कार्ड होल्डरले मात्र आफ्नो आय विवरण पेस गर्छन्। त्यसमध्ये ६५ देखि ७५ प्रतिशतसम्म तलबी कर्मचारीहरू पर्छन्। त्यसले गर्दा भारतमा पनि पारिश्रमिक आय हुने करदाताहरूको आयकरप्रति धेरै गुनासो रहेको पाइन्छ। यसले भारतीय आयकर व्यवस्थाको न्यायिकतामाथि प्रश्न खडा गरेको छ। यसलाई फेयर र जस्ट बनाउनका लागि धेरै ठाउँबाट आवाज उठेको पाइन्छ। ज्याला र तलबमा बाँच्ने मानिसहरू मात्र यो करको दायरामा रहेको र गैर तलबी आम्दानी भएका अधिकांश मानिस यो करको दायरामा ल्याउन सरकार असफल रहेको कर–दाताहरूको आरोप छ। भारतीय आयकर प्रशासनलाई यो मानेमा कमजोर मानिन्छ।

यो अवस्था भारतमा मात्र होइन, अरू विकसित देशहरूमा पनि रहेको पाइन्छ। उदाह–रणका लागि सन् २००१ मा अमेरिकाको आन्तरिक राजस्व सेवाले गरेको एक अध्ययनमा पारिश्रमिक आयको कर प्रशासनमा घोषणा गरेको आयमा १ प्रतिशत मात्र फरक आएको पाइएको छ भने ब्याज र लाभांश आयमा ४ प्रतिशत फरक परेको पाइएको छ। स्वयं रोजगारीमा लागेका व्यक्ति–हरूले व्यावसायिक आम्दानी कर कानुनको परिपालना नगर्ने प्रतिशत धेरै रहेको अनुमान छ। उनीहरूले भुक्तानीमा कर कट्टी पनि गर्नु नपर्ने र कर प्रशासनमा आफ्नो कारोबारको पनि सकेसम्म सूचना दिने गर्दैनन्।

अरू विकासोन्मुख देशहरूमा जस्तै भार–तमा पनि करदाता र आयकर प्रशासनको बीचमा बिरालो र मुसाको खेल हुने गरेको छ। जसलाई आयकर प्रशासनले समाउँछ उसले कर तिर्छ र अरू भने करको दायराभित्र आउने गरेको देखिँदैन। जसरी भारतको जिएसटी कानुनमा संशोधन गरि–एको छ, त्यसरी आयकर ऐनमा पनि संशोधन हुनुपर्छ र करदाताहरूको पीरमर्कालाई सम्बोधन गर्नुपर्छ भन्ने आमकरदाताको मान्यता छ। आम कर दाताले आफ्नो आय लुकाएर सकेसम्म यो कर छल्न खोज्छन्। भारतले केही समय अगाडिदेखि आयकर लाग्ने सीमा बढाई मध्यमवर्गको उपभोग खर्च बढाउन खोजेको छ र यसबाट आफ्नो आर्थिक वृद्धिदरलाई दिगो बनाउन खोजेको छ। भारतले ओइसिडीको समावेशी फ्रेमवर्कअनुसार आफ्नो संस्थागत आयकरको दर पनि घटाइसकेको छ।

भारतले केही समय अगाडिदेखि भारतमा व्यवसाय गर्न सहज वातावरण श्रृजना गर्ने उद्देश्यले धेरै सुधार गरेता पनि त्यहाँको आयकर प्रशासन जिएसटीको तुलनामा व्यवसायका लागि बाधकको रूपमा रहँदै आएको छ। सन् २०१२ मा यो ऐनमा गरिएको रेट्रोस्पेक्टिभ प्रावधान लागू गर्ने गरी गरिएको संशोधनले एक प्रकारले आयकर व्यवस्थामा कर–आतंकको वातावरण श्रृजना भयो। यसको ज्वलन्त सिकारकारूपमा भोडाफोन र कैर न इनर्जीजस्ता बहुराष्ट्रिय कम्पनीहरू परेका थिए र यी दुईवटै मुद्दामा भारतको आयकर प्रशासन अन्त–र्राष्ट्रिय अदालतबाट हारेपछि सन् २०२२ मा भारत सरकार आफ्नो आयकर ऐनबाट यो प्रावधान सच्याउन बाध्य भयो।

एकजना भारतीय कर विज्ञका अनुसार भारतको आयकर प्रशासनमा ५ लाखभन्दा बढी कर प्रशासन र करदाताहरूको बीचमा विवाद र हेको र यसबाट १४ देखि १५ लाख करोडबराबर क

राजस्व सरकारलाई घाटा लागेको अनुमान गरिएको छ। यो अंक बिगत केही वर्षमा क्रमश बढ्ने क्रममा देखिन्छ। उनका अनुसार भारतको आयकर विभागले आयकर ऐन, १९६१ हरेक दफाको मर्मसहित व्याख्या गरेको, अदालतबाट भएको फैसलालाईसमेत त्यस्तो व्याख्यामा समावेश गरी विस्तृत निर्देशिका कार्यान्वयनमा धेरै समयअगाडि नै कार्यान्वयनमा ल्याइसकेकाले करदाता र कर प्रशासनको बीचमा आयकर ऐन, १९६१ को दफा र उपदफाको व्याख्यामा खास विवाद छैन। तर, अहिले करदाताहरूबाट हुने प्रक्रियागत त्रुटि र आयकर गणना, कराधिकारसम्बन्धि विवाद र कम्प्युटर प्रविष्टि सम्बन्धमा मिस एलाइनमेन्ट आदिका कारण करदाता र कर प्रशासनको बीचमा यतिका धेरै आयकरसम्बन्धि विवाद रहेको देखिन्छ।

अन्तर्राष्ट्रियरूपमा भूमण्डलीकरणले गर्दा पुँजीको जुन प्रवाह भएको छ, त्यसले गर्दा आयकर प्रशासन झन्झन् जटिल बन्दै गएको छ। यसमा बहुराष्ट्रिय कम्पनीहरूको कारोबारमा भएको वृद्धिले आगोमाथि घ्यू थप्ने काम भएको छ। यो अर्थमा करका अरू कानुनहरू त्यति जटिल भएको पाइँदैन। मूल्य हस्तान्तरणका तरिका र त्यसको प्रशासन, स्थायी संस्थापनसम्बन्धि अवधारणाको कार्यान्वयन, जनरल एन्टी एभोइडेन्स प्रावधान, देशहरूको बीचमा द्विपक्षीय लगानी र कर छुटसम्बन्धि सम्झौता, कर लुकाउने ठाउँ (ट्याक्स हाभेन) को उपस्थिति, बहुराष्ट्रिय कम्पनीहरूको कारोबार स्थल र दर्ता भएको देशमा कर लगाउनेजस्ता विषयहरूले आयकर प्रशासनलाई धेरै जटिल बनाएको छ।

बहुराष्ट्रिय कम्पनीहरूको आम्दानीमा कर लगाउने विषयमा अहिले विकसित र अविकसित देशहरूको बीचमा मतभेद देखा परेको छ। विकसित देशहरूको पक्षमा बढी अन्तर्राष्ट्रिय कर व्यवस्था ढल्केको, त्यसलाई ओइसिडीले मलजल गरेको भनी सन् २०२३ को सेप्टेम्बरमा अफ्रिकी देशहरूको नेतृत्वमा संयुक्त राष्ट्र संघको महासभाबाट प्रस्ताव नै पारित भएको थियो। भारतले यो प्रस्तावलाई समर्थन गरेको छ र उसले ओइसिडीको कराधार क्षयिकरण र नाफा स्थानान्तरणअन्तर्गत दुई स्तम्भीय संस्थागत आयकरको व्यवस्था तर्जुमा गर्ने र त्यसलाई कार्यान्व–यनमा पनि महत्वपूर्ण भूमिका खेलेको थियो। भारतीय कर प्रशासन यी दुई विरोधाभास अवधारणाबीचको मतभेदलाई नयाँ आयकर कानुनमार्फत समाधान गर्न सफल हुनेछ भन्ने विश्वास गर्न सकिन्छ।

एउटा उदीयमान अर्थव्यवस्थाकोरूपमा अगाडि आइरहेको भारतलाई आफ्नो आर्थिक महत्वाकांक्षा पूरा गर्नका लागि प्रत्यक्ष वैदेशिक लगानीको ठूलो आवश्यकता पर्छ र त्यसका लागि आफ्नो कर कानुनलाई लगानीमैत्री बनाउनुपर्ने हुन्छ। यसका लागि पनि भारतले यो नयाँ आयकर ऐन लागू गरेको हो। भारतले आफ्नै प्रकारले लागू गरेको जिएसटीले भारतीय अर्थव्यवस्थालाई एकीकरण गर्न र भारतीय कराधारलाई फराकिलो बनाउन जुन सफलता प्राप्त गरेको छ, यो नयाँ आयकर ऐन पनि सफलतापूर्वक कार्यान्वयन हुन्छ भन्ने आशा गर्न सकिन्छ।

*साभार : कारोबार दैनिक*

# कृषि क्षेत्रले चाहेको विकास





✍ कृष्णप्रसाद लामिछाने

नेपाल कृषि प्रधान देश हो। यो भनाइ केवल पाठ्यपुस्तकको वाक्य होइन, समाजको वास्तविक अनुहार हो। देशका ६० प्रतिशतभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा कृषि पेसामा आबद्ध छन्। कुल गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत योगदान यसै क्षेत्रबाट आउँछ।

पुर्खौंदेखि निरन्तर अभ्यासमा रहेको यो पेसाले नेपाली किसानलाई औपचारिक तालिमबिना पनि अनुभवजन्य दक्षता प्रदान गरेको छ। उर्वर माटो, विविध हावापानी, प्रशस्त जलस्रोत र बहुआयामिक भूगोलले नेपाललाई कृषि उत्पादनका लागि सम्भावनाले भरिएको देश बनाएको छ। यही सम्भावनाको भूमिमा आज निराशाको बिउ उम्रिँदै गएको छ। यसको प्रत्यक्ष असर किसानको अनुहारमा देखिन्छ। जब किसान रोइरहेको बेला देश हाँसि–रहन सक्दैन।

नेपालको कृषि प्रणाली अझै पनि परम्प–रागत र जीवन निर्वाहमुखी छ। अधिकांश किसानले उत्पादनलाई बजारसँग जोड्नेभन्दा पनि परिवारको आवश्यकतामा केन्द्रित खेती गर्दै आएका छन्। आधुनिक प्रविधि, उन्नत बिउ, मल व्यवस्थापन, यान्त्रिकीकरण र वैज्ञानिक कृषि पद्धतिमा पहुँच सीमित छ। उत्पादन लागत उच्च र उत्पादनको मात्रा तथा गुणस्तर अपेक्षाभन्दा कम हुन्छ। मेहनतको तुलनामा आम्दानी न्यून हुँदा किसानमा निराशा स्वभाविकरूपमा बढ्दै जान्छ। यस्तो अवस्थाले कृषिलाई पेसा होइन, बाध्यता जस्तो बनाइदिएको छ। कृषिमा देखिएको यो निराशाको अर्को कारण बजार संरचनाको कमजोरी हो। किसानले उत्पादन त गर्छ तर त्यसको उचित मूल्य पाउँदैन। बिचौलियाको प्रभाव, भण्डारणको अभाव, प्रशोधन उद्योगको कमी र बजार पहुँचको असमानताले गर्दा किसानको पसिनाको मूल्य घटाइदिन्छ। कहिले उत्पादन बढी हुँदा मूल्य घटेर बाली खेतमै सड्न पुग्छ, त कहिले उत्पादन कम हुँदा उपभोक्ताले महंगो मूल्य तिर्न बाध्य हुन्छन्। यसले किसान र उपभोक्ता दुबैलाई घाटा छ भने बिचौलिया मात्र फाइदा हुन्छन्। यस्तो विकृत संरचनाले कृषिप्रति भरोसा कमजोर बनाउँदै लगेको छ।

विडम्बना त कृषिप्रधान देश नेपालले दैनिक उपभोगका अत्यावश्यक वस्तु तरकारी, फलफूल, दुध तथा मासुजन्य पदार्थसमेत ठूलो परिमाणमा आयात गरिरहेको छ। यो केवल आर्थिक समस्या होइन, आत्मनिर्भरतामाथिको गम्भीर प्रश्न पनि हो। आयातमा निर्भरता बढ्दै जाँदा वैदेशिक व्यापार घाटा झन् चुलिन्छ। राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै जान्छ।

जुन माटोले आफ्नै जनतालाई खुवाउन सक्छ, त्यही माटो बाँझो बस्नु र विदेशी उत्पादनमा निर्भर हुनु विकासको विडम्बनापूर्ण चित्र हो। कृषियोग्य जमिन बाँझो नेपाली कृषिक्षेत्रको अर्को चिन्ताजनक पक्ष हो। सहरतिरको आकर्षण, रोजगारीको अभाव र विदेश पलायनका कारण गाउँ रित्तिँदै छन्।

युवा शक्ति खेतबारी छोडेर बिदेसिन थालेपछि खेतीयोग्य जमिन झाडीमा परिणत हुँदै गएका छन्। यसले केवल उत्पादन घटाएको छैन, ग्रामीण सामाजिक संरचनामा पनि गहिरो असर पारेको छ। गाउँको जीवनशैली, परम्परा र सामुदायिक सम्बन्ध क्रमशः कमजोर बन्दै गएका छन्। कृषि केवल आर्थिक क्रियाकलाप होइन, यो हाम्रो सांस्कृतिक पहिचानसंग जोडिएको आधार पनि हो, जुन अहिले खस्किँदै गएको छ।

सिँचाइको अभाव पुरानो तर, अझै समाधान नभएको समस्या हो। अधिकांश किसान अझै पनि वर्षामा निर्भर छन्। समयमै पानी नपर्दा खडेरीको सामना गर्नुपर्छ भने अत्यधिक वर्षा हुँदा बाढीले बाली नष्ट गर्छ।

यस्तो अनिश्चितताले कृषिलाई जोखिमपूर्ण बनाएको छ। आधुनिक सिँचाइ प्रणाली– को विस्तार, जलस्रोतको वैज्ञानिक व्यवस्थापन र मौसम अनुकूल खेती प्रणालीको विकासबिना कृषि क्षेत्रलाई स्थायित्व दिन सकिँदैन। कृषि बिमा र जोखिम व्यवस्थापनको अभावले किसानलाई झनै असुरक्षित बनाएको छ।

बाली नष्ट भयो भने किसानसँग क्षतिपूर्ति पाउने भरपर्दो प्रणाली छैन। यसले नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न असम्भव जस्तै बनाइदिएको छ। केही उत्साहका साथ कृषिमा लागेका युवासमेत निराश भएर बिदेसिने अवस्था छ। देशभित्रै सम्भावना हुँदाहुँदै पनि त्यसको उपयोग गर्न नसक्नु हाम्रो नीतिगत कमजोरीको प्रमाण हो।

कृषि क्षेत्रको विकासबिना नेपालको समग्र विकास सम्भव छैन भन्ने यथार्थ हामीले गम्भीरता पूर्वक स्वीकार गर्नु पर्छ। उद्योग, पर्यटन वा सेवा क्षेत्र सबैको आधार अन्ततः कृषि र ग्रामीण अर्थतन्त्रमै टिकेको हुन्छ। जब किसानको क्रयशक्ति बढ्छ, तब मात्र बजार चलायमान हुन्छ। जब गाउँ समृद्ध हुन्छ, तब मात्र सहरको विकास सन्तुलित हुन्छ। कृषिलाई बेवास्ता गरेर विकासको कल्पना गर्नु भनेको जगबिना महल बनाउने प्रयास गर्नु जस्तै हो। अबको आवश्यकता स्पष्ट छ कृषिलाई परम्परागत ढाँचाबाट बाहिर निकालेर आधुनिक, व्यावसायिक र सम्मानजनक पेसाका रूपमा स्थापित गर्नु पर्छ। यसका लागि राज्यले स्पष्ट र दीर्घकालीन कृषि नीति ल्याउनु पर्छ, जसले उत्पादनदेखि बजारसम्मको सम्पूर्ण चक्रलाई समेटोस्। सिँचाइको विस्तार, कृषि यान्त्रिकीकरण, उन्नत बिउ र मलको सहज उपलब्धता, कृषि अनुसन्धान र प्रविधिको विकासमा लगानी बढाउनु पर्छ।

किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने प्रणाली विकास गर्नु पर्छ। न्यूनतम समर्थन मूल्य, सहकारी प्रणालीको सुदृढीकरण, भण्डारण र प्रशोधन पूर्वाधारको विकासले किसानको आम्दानी स्थिर बनाउन मद्दत गर्छ। कृषि बिमा प्रणालीलाई प्रभावकारी बनाउँदै जोखिम न्यूनीक–रण गर्नु पर्छ, जसले किसानलाई आत्मविश्वासका साथ खेती गर्न प्रेरित गर्छ।

युवालाई कृषितर्फ आकर्षित गर्न विशेष कार्यक्रम आवश्यक छन्। आधुनिक प्रविधि, स्टार्टअप अवधारणा, कृषि उद्यमशीलता र डिजिटल बजार प्रणालीले कृषिलाई नयाँ पुस्ताका लागि आकर्षक बनाउन सक्छ।

राज्यले उचित वातावरण श्रृजना गर्न सक्यो भने विदेश पलायन भइरहेका युवाले स्वदेशमै अवसर पाउन सक्छन्। किसानको सम्मान र कृषिको महत्वलाई समाजले पनि बुझ्नुपर्छ। जबसम्म कृषिलाई 'कम प्राथमिकताको पेसा' भनेर हेर्ने मानसिकता परिवर्तन हुँदैन, तबसम्म वास्तविक परिवर्तन सम्भव हुँदैन। किसान केवल उत्पादनकर्ता होइन, राष्ट्रको जीवनदाता हो यो चेतना प्रत्येक नागरिकमा विकसित हुन आवश्यक छ।

किसानको आँखामा आँसु छ भने देशको भविष्य उज्यालो हुन सक्दैन। विकासका ठूला नारा, भौतिक संरचनाका आकर्षक परियोजना र आर्थिक सूचकाङ्कका चम्किला तथ्याङ्कले मात्र समृद्धि सुनिश्चित गर्दैन। वास्तविक समृद्धि तब मात्र सम्भव हुन्छ, जब खेतबारी हरियाली हुन्छ, किसानको अनुहारमा मुस्कान देखिन्छ र गाउँमा जीवनको स्पन्दन हुन्छ।

'किसान रोएपछि देश हाँस्दैन' भन्ने यथार्थ राज्यले स्वीकार गर्नुपर्छ। यसलाई नीतिगत मार्ग दर्शनको आधारकारूपमा लिनुपर्छ। कृषिलाई केन्द्रमा राखेर योजना बनाउने, किसानलाई सशक्त बनाउने र ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउने बाटोमै नेपालको दिगो विकास सम्भव छ। नत्र सम्भावनाले भरिएको यो देशले अवसर गुमाउँदै जानेछ र किसानको आँसु कहिल्यै सुक्ने छैन।

*साभार : गोरखापत्र*

# भ्याट नीतिगत् परिवर्तनले जोखिम ल्याउन सक्ने

काठमाडौं/नयाँ आर्थिक वर्ष सुरु हुनुअघि प्रत्येक वर्ष मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर प्रणाली कायम हुनुपर्ने आवाज उठ्ने गरेको छ। सरकारले करिब तीन दशक अघिदेखि लागु गरेको भ्याटमा एकल दर (१३ प्रतिशत्) लाग्ने व्यवस्था छ। भ्याट लागु गर्दा केही समय विवादमा उत्रेको निजीक्षेत्रले वर्षौंदेखि बहुदरको माग गर्दै आएको छ। प्रत्येक वर्ष बजेट आउनुअघि निजीक्षेत्रले अर्थमन्त्रीलाई दिने सुझावमा भ्याटमा बहुदर लागु गर्ने विषय समेटिने गरेको छ। यस वर्ष पनि यो विषयले निरन्तरता पाएको छ।



हालसम्म अर्थमन्त्री र अर्थ मन्त्रालयका अधिकारीहरुले भ्याटमा बहुदर लागु गर्न नहुने धारणा राख्दै आएका छन्। कर प्रशासनविज्ञ तथा नेपालमा भ्याट लागु हुँदा प्रमुख भूमिका खेलेका रुप खड्काले पनि भ्याटमा बहुदर लागु गर्न नहुने बताउँदै आएका छन्। अन्य धेरै अर्थशास्त्रीहरुको मत पनि भ्याटमा बहुदर लगाउन नहुने छ। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषले पनि भ्याटको दर एकल राख्न नेपाललाई सुझाव दिँदै आएका छन्। यी सबै कारणले निजीक्षेत्रको माग सरकारले पूरा नगरेको हो।

विज्ञहरुका अनुसार हाल भ्याटमा एकल दर हुँदा नै धेरै चुहावट भइरहेको छ। यसमा बहुदर गर्नेबित्तिकै विभिन्न किसिमका समस्या आउने उनीहरुको भनाइ छ। भ्याटमा बहुदर गर्ने हो भने मुख्यरुपमा न्यून दरको वर्गमा पर्न व्यवसायीहरुले ठूलो लबिङ र चलखेल गर्ने निश्चित छ। राजस्व नीतिहरुमा विगतदेखि नै चलखेल हुँदै आएका छन्। भ्याटमा बहुदर कायम गरे न्यून दरमा पर्न चलखेल नहुने सम्भावना छैन। यस क्षेत्रका जानकारहरुका अनुसार भ्याटमा एकल दर हुँदा सबैतिर सजिलो छ। एकलदर लागु हुँदा साना तथा ठूला व्यापारिक कारोबारको हिसाब राख्न सजिलो हुन्छ। कार्यगत् लागत कम हुने र खासै विवाद पनि आउँदैन। एकल दर भएपछि नीतिगत् चलखेलको प्रयास पनि हुँदैन। भ्याटमा बहुदर कायम गर्ने हो भने यी सबै पक्षमा उल्टो हुन्छ।

मुख्यगरि प्रशासनिक क्षमता र राजस्व संरचना कमजोर रहेको अवस्थामा भ्याटमा बहुदर प्रणाली लागु गर्दा ठूलो जोखिम रहेको अर्थविद्हरुको भनाइ छ। पूर्वअर्थमन्त्री रामेश्वर खनालले नेपालमा भ्याटमा बहुदर लागु गर्नु उपयुक्त नभएको बताए। व्यवसायीहरुले पटकपटक बहुदर भ्याटको माग गरिरहे पनि यस्तो व्यवस्थाले कर प्रशासनलाई झन् जटिल बनाउने र राजस्व चुहावट निम्त्याउने समस्या बढ्ने उनको भनाइ छ। उनका अनुसार फरकफरक वस्तुमा फरकफरक करको दर राखदा व्यापारीहरुले त्यसको दुरुपयोग गर्ने प्रवल सम्भावना रहन्छ।

छिमेकी मुलुक भारतको उदाहरण दिँदै उनले भने–भारतमा जुत्ताको गुणस्तरअनुसार ५ देखि २८ प्रतिशत्सम्म कर लगाउँदा व्यापारीहरुले महंगो जुत्तालाई पनि सस्तो (५ प्रतिशत् लाग्ने) जुत्ताका रुपमा बिलिङ गरेर कर छल्ने गरेको पाइएको थियो। नेपालको सन्दर्भमा पनि यस्तो प्रणालीमा जाँदा ठूलो समस्या सिर्जना हुनसक्छ। बहुदर प्रणालीमा कच्चापदार्थ र तयारी वस्तुमा फरक हुँदा इनपुट ट्याक्स क्रेडिट (कर मिलान) गर्न प्राविधिकरुपमा अत्यन्त कठिन हुने हुँदा यस प्रणाली लागु गर्न नहुने उनको सुझाव छ। विश्वका विकसित मुलुक सिंगापुर र चीनले एकल दर प्रणाली नै अपनाएको र छिमेकी भारतले पनि धेरै वटा स्ल्याबबाट घटाउँदै लगेर अन्ततः एकल दरमै जाने लक्ष्य राखेको खनालको भनाइ छ।

पूर्वअर्थमन्त्री खनालले करको दर धेरै बनाउनुभन्दा आयकरको दक्षता बढाउनु र अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा ल्याउन जरुरी रहेको बताए। हालको १३ प्रतिशत् भ्याट दरलाई घटाएर ७ वा ८ प्रतिशत्को एकल दरमा झार्न सकिने र त्यसले मात्र अर्थतन्त्रलाई सही दिशा दिने उनको भनाइ छ।

अर्थविद् डा. डिल्लीराज खनाल नेपालको वर्तमान प्रशासनिक क्षमता र राजस्व संरचनाको अवस्थामा तत्काल भ्याटमा बहुदर प्रणालीमा जानु जोखिमपूर्ण हुने बताउँछन्। हालको राजस्व प्रशासनको क्षमता र कार्यशैलीका कारण बहुदर प्रणालीले सुधारभन्दा पनि थप जटिलता र विकृति निम्त्याउन सक्ने उनको भनाइ छ। खनालका अनुसार बहुदर भ्याट प्रणालीले सिद्धान्ततः विपन्न वर्गलाई करको भारबाट राहत दिने र उद्योग व्यवसायको प्रवर्द्धन गर्ने उद्धेश्य राखे पनि नेपालका लागि यो हाल आदर्शवादी कुरामात्र हुन सक्छ।

नेपालमा हाल कायम रहेको एकल दरसमेत प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको अवस्थामा बहुदर प्रणाली लागु गर्दा झन् ठूलो समस्या उत्पन्न हुने उनको भनाइ छ। बजेट आउनुअघि हुने चलखेल र म्यानिपुलेसनका कारण बहुदर प्रणालीले गरिब र विपन्नलाई भन्दा पहुँचवालालाई थप लाभ पुऱ्याउने जोखिम रहने उनले बताए। राजस्व संकलनमा शिथिलता आएर ठूलो चुनौती थपिएको वर्तमान समयमा यस्तो जोखिम मोल्नु प्रत्युत्पादक हुनसक्ने उनको टिप्पणी छ। उनका अनुसार पहिले राजस्व संरचनामा सुधार गर्ने र प्रशासनिक क्षमताको पूर्ण विकास गरेपछि मात्र क्रमिकरुपमा बहुदर भ्याट प्रणालीमा जानु उपयुक्त हुन्छ। क्षमता अभिवृद्धि नगरी हतारमा गरिने यस्ता निर्णयले राजस्व प्रणालीमा गम्भीर समस्या निम्त्याउन सक्ने उनको भनाइ छ।

अर्का अर्थविद् डा. गोबिन्द नेपाल हाल कार्यान्वयनमा रहेको एकल दरको भ्याट प्रणालीको सट्टा बहुदर प्रणाली अपनाउनु सान्दर्भिक हुने तर वर्तमान प्रशासनिक अवस्था र संरचनागत् कमजोरीका कारण यसको सफल कार्यान्वयनमा भने ठूलो चुनौती रहेको बताउँछन्। नेपालका अनुसार सामाजिक न्यायका दृष्टिकोणले बहुदर प्रणाली आवश्यक छ। दैनिक उपभोगका अत्यावश्यक वस्तुहरुमा कम कर र विलासी वस्तुहरुमा बढी कर लगाउादा सर्वसाधारणलाई राहत पुग्छ। बहुदरको कुरा पटकपटक निस्किएको छ र यो आवश्यक पनि हो। अत्यावश्यक वस्तुमा १३ प्रतिशत्भन्दा कम र विलासी वस्तुमा बढी भ्याट लगाउनु व्यावहारिकरुपमा राम्रो हुन्छ। तर, राम्रो देखिए पनि नेपालको वर्तमान सन्दर्भमा यसको प्रशासनिक व्यवस्थापन निकै जटिल रहेको उनको भनाइ छ। वस्तुको प्रकृतिअनुसार फरकफरक करको दर तोक्दा कर्मचारी र व्यवसायीको मिलेमतोमा करको दरमा खेल्ने वा तलमाथि गर्ने सम्भावना बढ्ने उनले बताए।

नेपालमा सुरुमा १० प्रतिशत् एकल दर लागु भएको थियो। वस्तु तथा सेवा दुवैका लागि २० लाखको समान दर्ता सीमा कायम गरिएको थियो। आन्तरिक राजस्व विभागका अनुसार हाल वार्षिक १० करोड भन्दा बढी कारोबार गर्ने सबै करदाता तथा ५ करोड भन्दा बढी कारोबार गर्ने होटल, रेस्टुराँ र सिनेमा हलहरुले अनिवार्यरुपमा विद्युतीय बिजक जारी गर्नुपर्ने व्यवस्था छ। २० करोड बढी वार्षिक कारोबार गर्ने करदाता केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध हुनुपर्छ। हाल यस्ता ९ हजार करदाता उक्त प्रणालीमा आबद्ध छन्।

नेपालमा भ्याट लागु भएको केही वर्षपछि विभिन्न बिचलन देखापर्दै आएका छन्। बहुदर नहुँदै पनि विभिन्न बहाना गरेर कर छुट दिने वस्तु तथा सेवाको सूची बढाउँदा भ्याटमा विकृति भित्रिएको हो। अर्कोतर्फ कारोबारको यथार्थ बिल जारी गर्नुको साटो नक्कली भ्याट बिल प्रयोग बढ्दो क्रममा छ। भ्याटलाई बहुदरमा लैजाँदा कस्ता समस्या आउँछन् भन्ने राम्रो उदाहरण छिमेकी मुलुक भारत बनेको छ। सन् १९९० को दशकमा भारतीय केही राज्यले भ्याट लागु गर्दा बहुदर लगाएका थिए। त्यसले विभिन्न समस्या उत्पन्न गराएपछि भारतले २०१७ जुलाईदेखि वस्तु तथा सेवा कर (जीएसटी) का नाममा सबै राज्यमा एउटै भ्याटदर लगाएको थियो। गत वर्षमात्र सामान्य परिवर्तन गरी जीएसटीमा दुई दरमात्र कायम गरिएको छ।

कर प्रशासनका विज्ञ रुप खड्का पनि भ्याटको मूल सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासअनुसार फराकिलो आधारमा एकल दरमा लागु गर्नुपर्ने मान्यता राख्छन्। उनका अनुसार विभिन्न बहानामा धेरै वस्तु तथा सेवाहरुलाई भ्याट छुट नदिएर करको आधार विस्तार गरिनुपर्छ। खड्काले सार्वजनिक गर्ने लेखहरुमा भ्याटको सफल कार्यान्वयनको उदाहरण न्यूजील्यान्डलाई दिने गरेका छन्। उनका अनुसार न्यूजील्यान्डमा भ्याटलाई फराकिलो आधारमा एकल दरमा लागु गरेर वस्तु तथा सेवा दुवैका लागि समान दर्ता सीमा कायम गर्दा राम्रो नतिजा देखिएको छ।

भ्याटबाट न्यूजील्यान्डको कुल कर राजस्वको करिब एकतिहाइ र कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशत् जति राजस्व असुली हुने गरेको र यो विकसित देशको सन्दर्भमा निकै उत्साहजनक भएको खड्काको भनाइ छ। हाल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सरकारले करका दरहरुमा परिवर्तन गर्ने बताउँदै आएको छ। फागुन २१ को निर्वाचनका बेला कर धेरै लगाएको भन्दै घटाउने बाचा रास्वपाले गरेको थियो। त्यसअनुसार नयाँ सरकारले भ्याटको हालको १३ प्रतिशत्लाई चलाउन सक्ने सम्भावना छ। सरकारले भ्याटको दरलाई चलाए पनि बहुदरमा लग्यो भने समस्या हुनेछ। राजस्वको मुख्य स्रोत भ्याट हो। यसमा आउने समस्याले समग्र राजस्व स्रोतमै समस्या निम्त्याउने छ। त्यसैले पनि यसमा गरिने नीतिगत् परिवर्तनले ठूलो जोखिम ल्याउन सक्नेछ।

# जडीबुटी संकलनमा समस्या हुने भन्दै चौकी निर्माणको विरोध

धनगढी/बाजुरा जिल्लाको दुर्गम हिमाली गाउँपालिका–३, लामपाटामा हुम्लाको खार्पुनाथ गाउँपालिका–२, थाली गाउँका स्थानीयले प्रहरीचौकी निर्माणमा अवरोध गर्नुका साथै पर्यटक आवागमनसमेत रोक्ने प्रयास गरेका छन्। उक्त क्षेत्रमा बहुमूल्य जडीबुटी पाइने र त्यसमा एकलौटी नियन्त्रण कायम राख्दै आएका हुम्लाका केही स्थानीयले चोरीतस्करी नियन्त्रण हुने त्रासमा प्रहरीचौकी निर्माणमा अवरोध गरेको बाजुराका राजनीतिक दलहरुले आरोप लगाएका छन्।

'हाम्रो सुदूरपश्चिम हामी आफैं चिनाउँछौं' अभियानअन्तर्गत् बाजुराको रानीसैनतर्फ हिंडेको धनगढी उपमहानगरपालिकाको टोलीलाई उक्त क्षेत्रबाट फर्काइएपछि प्रहरीचौकी निर्माणमा अवरोध भएको घटना सार्वजनिक भएको हो।

जेठ ५ गते लामपाटा पुगेको टोलीलाई रानीसैनतर्फ जानबाट रोक लगाइएपछि ढुंगामुढासमेत भएको थियो। स्थिति तनावपूर्ण बनेपछि टोलीले ५ गते गुम्बामा बास बसेर ६ गते रानीसैन नपुगी फर्किएको थियो। त्यसअघि जेठ ३ गते हुम्लाका स्थानीयले हिमाली गाउँपालिका–३ का वडा सदस्यसहित पाँच जनामाथि कुटपिट गरी घाइते बनाएका थिए भने उपचारका लागि लैजानसमेत अवरोध गरिएको थियो। वडा सदस्यसहित घाइतेलाई बिहीबारमात्र उद्धार गरी उपचारका लागि सुर्खेत लगिएको प्रहरीले जनाएको छ।

बिहीबार बाजुरामा बसेको सर्वपक्षीय बैठकले लामपाटामा अस्थायी प्रहरी चौकी निर्माणको विषयलाई लिएर हुम्लाका बासिन्दाले बाजुराका स्थानीय र पर्यटकमाथि कुटपिट तथा लुटपाट गरेको घटनाबारे निष्पक्ष छानबिन गर्न उच्चस्तरीय समिति गठन गरी दोषीमाथि कानुनी कारबाही गर्न गृह मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरेको छ। बैठकले लामपाटामा सुरक्षाकर्मीको पर्याप्त उपस्थिति गराइ स्थानीय तथा रानीसैन यात्रामा रहेका आन्तरिक पर्यटकलाई सुरक्षाको प्रत्याभूति दिन पनि माग गरेको छ। हिमाली गाउँपालिका क्षेत्रमा अस्थायी प्रहरीचौकी निर्माण कार्य अविलम्ब सुरु गर्नसमेत बैठकले आग्रह गरेको छ।

कर्णाली करिडोरअन्तर्गत् हिमाली गाउँपालिकालगायत क्षेत्रमा सवारीसाधन सञ्चालनमा अवरोध नगरी निर्वाध आवागमनको वातावरण बनाउन सम्बन्धित सबै पक्षसँग संवाद र समन्वय गर्ने तथा बाजुरा र हुम्लाबीचको आपसी सद्भाव कायम राख्दै घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने निर्णय पनि बैठकले गरेको छ। सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्षमा ४० लाख विनियोजन गरी लामपाटामा प्रहरीचौकी निर्माण सुरु गरेको थियो।

साइपाल हिमालको पूर्वी बेसक्याम्प रानीसैन क्षेत्रमा पर्यटकको चहलपहल बढ्न थालेपछि सुरक्षा व्यवस्थापनका लागि चौकी स्थापना गर्ने योजना अघि बढाइएको थियो। तर, हुम्लाको खार्पुनाथ गाउँपालिका–२, थाली गाउँका स्थानीयले आफ्नो क्षेत्रमा चौकी बनाउन लागिएको भन्दै निर्माण सामग्री फालिदिनुका साथै भवनका लागि जग्गा दिएका वडा सदस्य पेमागारा गुरुङ र उनका परिवारमाथि कुटपिट गरेका थिए। घटनामा पेमा गारा गुरुङ, उनकी पत्नी लक्ष्मी गुरुङसहित घाइते भएका चार जनालाई हेलिकोप्टरमार्फत् सुर्खेत पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरीक्षक नरेशबहादुर शाहीका अनुसार घटनाको जानकारी जेठ ३ गते नै हिमाली गाउँपालिका अध्यक्ष गोबिन्दबहादुर मल्लले गराएका थिए। अध्यक्ष मल्लले घटना सीमा विवादभन्दा जडीबुटी तस्करीसँग बढी जोडिएको दाबी गरेका छन्। उनले रानीसैन क्षेत्रमा हुने बहुमूल्य जडीबुटी संकलन तथा वन्यजन्तु तस्करी नियन्त्रण हुने डरले प्रहरी चौकी निर्माणमा अवरोध गरिएको बताए। प्रहरी निरीक्षक शाहीले पनि रानीसैन क्षेत्र आफूहरुले भोगचलन गर्दै आएको दाबी हुम्लाका स्थानीयले गरिरहेको जानकारी दिए। जडीबुटी संकलन र चरिचरनमा समस्या हुने भन्दै चौकी निर्माणमा विरोध गरिएको उनको भनाइ छ।

लामपाटाबाट फर्किएपछि धनगढीका नगर प्रमुख गोपाल हमालले रानीसैन क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने माग गरेका छन्। लामपाटा घटनाबारे प्रतिनिधिसभा बैठकमा सांसद् केपी खनाल, जनकराज गिरी, टीका संग्रौला र जयपति रोकायाले पनि सरकारको ध्यानाकर्षण गराएका छन्।

खार्पुनाथ गाउँपालिका गृह जिल्ला रहेका कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले बाजुरा र हुम्लाको सीमा विवाद समाधानका लागि उच्चस्तरमा वार्ता र छलफल भइरहेको भन्दै दुवै जिल्लाका नागरिकलाई धैर्यता र आपसी सद्भाव कायम राख्न आग्रह गरेका छन्।

# प्राकृतिक ग्यासमा सरोकारवाला एक

सुर्खेत/दैलेखको भैरवी गाउँपालिका–१ स्थित जलजले क्षेत्रमा जमिनमुनि ठूलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भए पनि बाँकी काम अगाडि नबढ्दा दैलेखका सरोकारवाला निकाय एकजुट भएका छन्। लामो समयदेखि दोस्रो चरणको मुख्य काम अघि बढ्न नसक्दा यस महत्वपूर्ण परियोजना अन्यौलमा पर्ने चिन्ता बढेको छ। प्रारम्भिक अध्ययनले नेपाललाई वर्षौंसम्म पुग्ने ग्यासको सम्भावना देखाएपछि एक समय राष्ट्रिय चर्चामा रहेको आयोजना हाल ठोस कार्यतालिका अभावमा सुस्ताएको हो।

कर्णालीका दुई जिल्लाका सरोकारवालाले संयुक्त बैठक गर्दै प्राकृतिक ग्यास उत्खनन्को दोस्रो चरणको काम छिटो अघि बढाउन दबाब दिने भएका छन्। दैलेख र कालिकोट जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, जिल्ला प्रशासन तथा सुरक्षा निकायका प्रमुखको हालै महाबुलेकमा बसेको संयुक्त बैठकले यस विषयलाई प्राथमिकतासाथ उठाएको छ। बैठकले जलजले क्षेत्रको पेट्रोलियम पदार्थको वास्तविक क्षमता यकिन गरी उत्खनन् कार्यलाई द्रुतगतिमा अघि बढाउन सरकारसँग माग गर्ने निर्णय गरेको छ।

चीन सरकारको करिब दुई अर्ब १७ करोड अनुदान सहयोगमा चाइना जिओलोजिकल सर्भेले सन् २०१९ देखि यहाँ अध्ययन गरिरहेको छ। चिनियाँ प्राविधिक टोलीले नेपाल सरकारलाई बुझाएको प्रतिवेदनअनुसार जलजले क्षेत्रको जमिनमुनि करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यासको भण्डार रहेको उल्लेख छ। यस परिमाण नेपाललाई ५० देखि ६० वर्षसम्म पुग्ने अनुमान गरिएको छ। खानी तथा भूगर्भ विभागको समन्वयमा नेपालकै सबभन्दा गहिरो चार हजार १३ मिटरसम्मको ड्रिलिङ कार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ।

परियोजनाका सूचना अधिकारी प्रकाश लुईंटेलका अनुसार पहिलो चरणको प्राविधिक प्रतिवेदन चिनियाँ पक्षले बुझाइसकेको छ। अबको मुख्य काम भनेको ग्यासको उत्पादकत्व र व्यावसायिक भण्डारणको अन्तिम परीक्षण गर्नु हो। यो दुई देशको सरकार (जीटुजी) तहको परियोजना भएकाले आगामी प्रक्रियाका लागि चिनियाँ पक्षलाई अनुरोधपत्र पठाइए पनि त्यहाँबाट आधिकारिक जवाफ र स्पष्ट कार्यतालिका आउन बाँकी रहेकाले काममा ढिलाइ भएको उनले बताए।

यदि दैलेखबाट ग्यास उत्खनन् सुरु गर्न सकिएमा अर्बौं रुपियाँ स्वदेशमै रोकिने विश्वास गरिएको छ। उत्पादित मिथेन ग्यासलाई सवारीसाधनमा सीएनजीका रुपमा, उद्योगहरुमा इन्धनका रुपमा तथा घरघरमा खाना पकाउने ग्यासको विकल्पका रुपमा प्रयोग गर्न सकिने विज्ञहरुको भनाइ छ। यसले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा वा नाकाबन्दी हुँदा पनि देशको ऊर्जा सुरक्षालाई मजबुत् बनाउने अपेक्षा गरिएको छ।

दुल्लु पञ्चकोशी क्षेत्र विकास संस्था अध्यक्ष नवीन योगीले उक्त परियोजना दैलेखको मात्र नभइ समग्र नेपालकै आर्थिक रुपान्तरणको आधार बन्न सक्ने बताए। उनले सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा यसलाई शीर्ष राष्ट्रिय प्राथमिकतामा राखेर द्रुतमार्गबाट अघि बढाउनुपर्नेमा जोड दिए। अध्यक्ष योगीले उत्खनन्का क्रममा स्थानीयको रोजगारी र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्ने तथा ऐतिहासिक एवम् धार्मिक महत्व बोकेको पञ्चकोशी ज्वाला क्षेत्र (शिरस्थान, नाभिस्थान र पादुकास्थान) संरक्षण गर्नुपर्ने मागसमेत गरे।

बैठकले पेट्रोलियम पदार्थ उत्खननसँगै छ बुँदे साझा प्रतिबद्धता पनि पारित गरेको छ। बैठकले नेपाल, भारत र चीनलाई छोटो दुरी मा जोड्ने रणनीतिक महत्वको त्रिदेशीय महाबु सडकखण्डको बाँकी ट्र्याक खोल्न तथा स्तरोन्नतिका लागि संघीय र प्रदेश सरकारसँग पर्याप्त बजेट माग गर्ने निर्णय गरेको छ। बैठकमा कर्णाली प्रदेशसभा उपसभामुख यशोदा न्यौपाने, नारायण नगरपालिका प्रमुख लोमन शर्मा, महाबु गाउँपालिका अध्यक्ष जंगबहादुर शाही, नौमुले गाउँपालिका अध्यक्ष छविरम सुबेदी तथा कालिकोटको महावै गाउँपालिका अध्यक्ष खेमराज सिंहलगायतले महाबु सडक कर्णालीको समृद्धिको लाइफलाइन भएको उल्लेख गरे।

उनीहरुले उक्त सडकले भारतको जमुनाहदेखि चीनको नाक्चेनाग्लासम्मको दुरी छोट्याउने बताए।

# रत्ननगर सडकमानवमुक्त

रत्ननगर/रत्ननगर नगरपालिकालाई बिहीबार सहयोगापेक्षी सडकमानवमुक्त नगर घोषणा गरिएको छ। रत्ननगरबाट ४३ जना पुरुष र २६ जना महिला गरी ६७ जनालाई सडकबाट उद्धार गरिएको छ।



मेयर प्रह्लाद सापकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारीले नगरलाई सडक मानवमुक्त नगर घोषणा गरेका हुन्। मानवसेवा आश्रम भरतपुरसँगको सहकार्यमा आयोजित कार्यक्रममा जिसस प्रमुख अधिकारीले मेयर सापकोटालाई रत्ननगर सडक मानवमुक्त भएको प्रमाणपत्र हस्तान्तरण गरेका थिए। कार्यक्रममा मेयर सापकोटा र मानवसेवा आश्रम अध्यक्ष रामजी अधिकारीले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए। रत्ननगरका १६ वटै वडालाई वडा सडकमानवमुक्त भएको प्रमाणपत्रसमेत प्रदान गरिएको थियो।

कार्यक्रममा मानवसेवा आश्रम अध्यक्ष अधिकारीले चितवन जिल्लाबाट सडकमा आश्रित एक हजार २ सय १५ मानिसलाई उद्धार गरिएको बताए। चितवनमा हाल ६ जना बालबालिका, ६३ जना महिला र ५६ जना पुरुष गरी १ सय २६ जना मानवसेवा आश्रममा रहेको उनले बताए। सरकारलाई सडकआश्रित मानिसको व्यवस्थापनको दायित्वबोध गराउन १३ वर्ष लागेको भन्दै कतिपय पालिकाहरुले उक्त काममा अझै पनि बेवास्ता गरेको उनको भनाइ छ। मानवसेवा आश्रमले हालसम्म देशभरबाट १३ हजार ४ सय ४७ जना सडकमा आश्रित मानिसको उद्धार गरेको छ। उद्धार गरिएकामध्ये ५ हजार ६ सय ४० जनालाई पारिवारिक पुनर्मिलन तथा एक हजार ७ सय २४ जनालाई सामुदायिक पुनर्स्थापना गरिएको छ।


भरतपुर महानगर, राप्ती, माडी र इच्छाकामना गाउँपालिकालाई सहयोगापेक्षी सडकमानवमुक्त घोषणा गरिएको छ। जिल्ला घोषणा कार्यक्रममा प्रदेश सडकमानवमुक्त घोषणाका लागि मिति तय गरिने अध्यक्ष अधिकारीले बताए। कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति प्रमुख अधिकारीले मानिसले सडकको सहारा लिनु अत्यन्त दुःखद् पक्ष रहेको बताए। मेयर सापकोटाले समाजमा मानवता हराउँदै गएको भन्दै आफूले कमाएको केही हिस्सा दीनदुःखीको सेवामा लगानी गर्नुपर्ने बताए।







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# मृत्युको ७१ प्रतिशत् हिस्सा नसर्ने रोगको

सन्देश संवाददाता



काठमाडौं/नेपालमा नसर्ने रोगहरु (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धि रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रुपमा देखापरेका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत् हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ। सन् २०३० सम्म यस दर ७९ प्रतिशत्सम्म पुग्ने प्रक्षेपण गरिएको छ। यस्ता रोगले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन्।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको नसर्ने रोगको रोकथाम तथा नियन्त्रणाका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८–२०८२) अनुसार करिब २२ प्रतिशत् नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेरबीच अकाल मृत्युको जोखिममा छन्। पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन्। यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्वाकांक्षी कार्ययोजनाले अपेक्षितरुपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन।

नेपालमा व्यक्तिगत् घटना दर्ता प्रणाली पूर्णरुपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धि राष्ट्रिय मृत्युदरका तथ्यांक प्राप्त गर्न चुनौती छ। हाल करिब ५० प्रतिशत् मृत्युमात्र दर्ता हुने अनुमान गरिएको छ। सरकारी अस्पतालको अन्तरंग तथा बहिरंग सेवामा आउने बिरामीमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्यांकले देखाएको छ। भुकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटकपटक प्रभावित बनाइरहेको छ। नसर्ने रोग भएका व्यक्तिहरुका लागि यस्ता अवरोध झन् प्राणघातक बन्न सक्छन्। यसले नियमित उपचारमा अवरोध, औषधि अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ।

विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरुको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धि अत्यावश्यक हेरचाह पेनडी प्याकेज तयार गरिएको हो। यस प्याकेजले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्धेश्य राख्दछ। नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत् नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य संगठनको अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज (डब्लुएचओ–पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारीरुपमा सञ्चालन गर्न पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ।

पेनडी प्याकेजले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र प्रोटोकललाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ। यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धि सेवाहरु उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ। नयाँ क्लिनिकल मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ।

विपद्अघि विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवाप्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुर्‍याउँछ। पेनडी प्याकेज मुख्यरुपमा एक व्यवहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धि सेवाहरुलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनाका गतिविधिसँग जोड्दछ। यसअन्तर्गत् जोखिम नक्सांकन, उच्च जोखिममा रहेका बिरामी पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्वभण्डारण, मोबाइल तथा विकेन्द्रिकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाको क्षमता अभिवृद्धि र बिरामीलाई स्वहेरचाहसम्बन्धि मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणालीबीच समन्वयलाई प्राथमिकता दिंदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रियस्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ। यसरी पेनडी प्याकेजले नसर्ने रोगसम्बन्धि सेवाहरुलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ।

विपद् व्यवस्थापनचक्रका सबै चरणमा पेनडी प्याकेजको भूमिका अत्यन्त महत्वपूर्ण छ। विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत् तयारीलाई सुदृढ बनाउँछ। बिरामीलाई स्वव्यवस्थापन र आपत्कालीन किटमार्फत् सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरुलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ। पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत् बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई–चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरु सञ्चालन गरिन्छ। सेवाप्रवाहका माध्यममा पेनडी प्याकेज किट, औषधि, नगद वा नगदसहित सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरु पनि समावेश गरिएका छन्।

विपद्को समयमा नसर्ने रोगसम्बन्धि सेवा प्रभावकारीरुपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ। बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धि पूर्वानुमानलाई पूर्वनिर्धारित ट्रिगरसँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ। यसले समयमै सूचनाप्रवाह, औषधिको पूर्वभण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ। पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृंखलासम्बन्धि सूचक समावेश छन्।

विपद्को समयमा मोबाइल क्लिनिक, टेलिमेडिसिन, समुदायमा आधारित अनुगमन तथा पूर्वभण्डारित सामग्री वितरणमार्फत् सेवा निरन्तरता सुनिश्चित गरिन्छ। अग्रपंक्तिका स्वास्थ्यकर्मी तथा स्वयम्सेवकले आधारभुत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन्। मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक रेफरल प्रणाली सञ्चालनमा राखिन्छ। विपद्पश्चात् नियमित सेवा पुनर्स्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ। पेनडी प्याकेजले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ। विशेषगरि ज्येष्ठ नागरिक, फरक क्षमता (अपांगता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिलाई प्राथमिकतामा राखेर व्यवहारमा उतारिएको छ।

समुदायको सहभागिता, कार्यविभाजन तथा विकेन्द्रिकृत सेवाप्रवाहमार्फत् स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ। मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी–केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता बढाउँछ। राष्ट्रियस्तरमा पेनडी प्याकेजको अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो।

यसले परम्परागत्रुपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धि सेवाहरुलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरु पूर्ति गर्दछ।

विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ। देशव्यापीरुपमा पेनडी प्याकेज विस्तारले संघीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ।

यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउने छ। यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

पेनडी प्याकेज स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो।

उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक

# बैंकहरुमा अब ओभर टाइमको पारिश्रमिक



सन्देश संवाददाता

काठमाडौं/नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुको कार्यसमय र पारिश्रमिकका सम्बन्धमा नयाँ निर्देशन दिएको छ। राष्ट्र बैंकले एकीकृत निर्देशनमा संशोधन गर्दै अबदेखि कार्यालय समयभन्दा बढी काम लगाउँदा अनिवार्यरुपमा अतिरिक्त पारिश्रमिक (ओभरटाइम) दिनुपर्ने व्यवस्था गरेको हो।

श्रमऐनमा उक्त व्यवस्था भए पनि राष्ट्र बैंकले बैंकहरुलाई जारी गरेको निर्देशनमा उक्त व्यवस्था थिएन। सोही कारण ओभरटाइमको पारिश्रमिक सम्बन्धमा बैंकअनुसार आफ्नै नीति थिए। केही बैंकले दिने र केही बैंकले नदिने अवस्था पनि रहेको थियो। यसअघि व्यवस्था नहुँदा बैंकका कर्मचारीहरुले अबेरसम्म काम गर्नुपर्ने तर उचित पारिश्रमिक नपाउने गुनासो बढिरहेका बेला राष्ट्र बैंकले यस्तो निर्देशन जारी गरेको हो।

कार्यालय समयभन्दा अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्था र श्रम ऐनबमोजिम अनिवार्यरुपमा अतिरिक्त पारिश्रमिक प्रदान गर्नुपर्ने निर्देशनमा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना कर्मचारीहरुलाई कार्यालय समयभन्दा बढी समय काम गर्न बाध्य पार्न नपाउने व्यवस्थासमेत गरेको छ। कर्मचारीको सहमति र कानुनसम्मत् प्रक्रियाबाट मात्र अतिरिक्त काम लगाउन सकिने निर्देशनमा उल्लेख छ। बैंकका कर्मचारीको कार्यसमय र त्यसको पारिश्रमिकको विषयमा केन्द्रीय बैंकमा व्यापक गुनासो आएपछि यसमा छलफल भएर राष्ट्र बैंकले निर्देशन जारी गरेको स्रोतले बतायो। शुक्रबार नेपाल बैंकर्स संघका अध्यक्षसहित पदाधिकारीलाई गभर्नर डा.विश्वनाथ पौडेलले बोलाएर छलफल गरेका थिए। त्यसलगत्तै राष्ट्र बैंकले परिपत्र जारी गर्दै उक्त निर्देशन दिएको हो।

यसअघि सरकारले बैंक तथा वित्तीय संस्थाहरुमा आउटसोर्सिङ (श्रमिक आपूर्ति कम्पनी) मार्फत् कार्यरत सुरक्षाकर्मी, सवारीचालक र कार्यालय सहयोगीहरुको श्रमअधिकार सुनिश्चित गर्न कडा कदम चालेको थियो। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले नेपाल राष्ट्र बैंकलाई पत्र लेख्दै सबै बैंकहरुमा श्रमऐन र नियमावलीको पूर्ण कार्यान्वयन गराउन निर्देशन दिएको थियो। हेलो सरकार र श्रम मन्त्रालयमा श्रमिकहरुले न्यूनतम् पारिश्रमिक र सेवासुबिधा नपाएको व्यापक उजुरी परेपछि युवा, श्रम तथा रोजगार मन्त्रीको निर्देशनमा प्रक्रिया अघि बढाइएको थियो।

विभागले श्रम नियमावली, २०७५ को व्यवस्थाबमोजिम प्रत्येक बैंक तथा वित्तीय संस्थाले अनिवार्यरुपमा श्रम अडिट गराउनुपर्ने र सोको प्रतिवेदन राष्ट्र बैंकमा बुझाउनुपर्ने व्यवस्थालाई कडाइसाथ पालना गर्न भनेको थियो। धेरैजसो बैंकले तेस्रो पक्षमार्फत् श्रमिक परिचालन गरे पनि ती श्रमिकले सरकारले तोकेको न्यूनतम् पारिश्रमिक, बिदा र बिमा जस्ता आधारभुत सुबिधा नपाएको विभागको ठहर छ। यसअघि गरिएका आग्रहहरुको प्रभावकारी कार्यान्वयन नभएपछि विभागले यसपटक अनुगमन र कानुनी अडिटमा विशेष जोड दिएको हो।

राष्ट्र बैंकको परिपत्रसँगै बैंकहरुमा कार्यरत् आउटसोर्स श्रमिकहरुको हकहित संरक्षण हुने र उनीहरुले कानुनसम्मत् पारिश्रमिक पाउने अपेक्षा गरिएको छ। अब बैंकहरुले आफ्ना श्रमिकलाई तोकिएको तलब, उपदान र अन्य सुबिधा दिएको प्रमाणसहितको विवरण बुझाउनुपर्नेछ। श्रमऐन र नियमावलीका प्रावधानहरु उलंघन गर्ने वा श्रम अडिट प्रतिवेदन पेश नगर्ने संस्थाहरुलाई सरकारले प्रचलित कानुनबमोजिम कारबाहीको दायरामा ल्याउने स्पष्ट पारेको छ।

कर्मचारीको हितका साथै राष्ट्र बैंकले ग्राहक सेवालाई पनि थप समावेशी र अपांगतामैत्री बनाएको छ। नयाँ व्यवस्थाअनुसार एटीएम लाउन्जहरुमा अब अनिवार्यरुपमा ब्रेल साइन, कन्ट्रोल बटन र अडियो सपोर्टसहित कम्तिमा एउटा अपांगतामैत्री एटीएम राख्नुपर्नेछ। दृष्टिविहीन ग्राहकका लागि ट्याक्टाइल फिचर्स (छोएर थाहा पाउन सकिने) भएका डेबिट र क्रेडिट कार्ड जारी गर्नुपर्ने व्यवस्था गरेको छ। ज्येष्ठ नागरिक, अपांगता भएका र साक्षर नभएका व्यक्तिहरुका लागि बैंकहरुले विशेष काउन्टर तोकेर सेवा दिनुपर्नेछ।

बैंकका वेबसाइट र मोबाइल एपहरु दृष्टिविहीनले समेत प्रयोग गर्न सक्ने गरी विकास गर्नुपर्ने व्यवस्था गरेको छ। बैंकहरुले एकापसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तिमा एक शाखा अपांगमैत्री बनाउनुपर्नेछ। यस प्रकारको शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्नेछ। यदि कुनै अपांगता भएका व्यक्तिले आफू एटीएम वा मोबाइल बैंकिङ चलाउन सक्षम छु भनी स्वघोषणा गरे बैंकले त्यस्तो सेवा रोक्न नपाउने व्यवस्था गरिएको छ।

# गर्मीका कारण सशस्त्रका ८ प्रशिक्षार्थी बेहोस

सन्देश संवाददाता

धनगढी/गर्मीका कारण सशस्त्र प्रहरी बल, नेपालको टीकापुर तालिम केन्द्रमा आठ प्रशिक्षार्थी बेहोस भएका छन्। राजस्व भन्सार तथा औद्योगिक तालिम शिक्षालय टीकापुर कैलालीमा तालिमरत् आठ प्रशिक्षार्थी गर्मीका कारण बिरामी परेका हुन्। उनीहरु तालिममा दौडिने क्रममा बेहोस भएका हुन्। एक जनालाई भने उच्च ज्वरो आएको छ।

सशस्त्र प्रहरी जवान आधारभुत तालिमअन्तर्गत् सञ्चालन गरिएका सीएफटी परीक्षाका क्रममा उनीहरु बेहोस भएका थिए। बिरामी परेकामध्ये केहीको टीकापुर अस्पताल तथा ओमकृष्ण अस्पताल टीकापुरमा उपचार भइरहेको जनाएको छ। बिरामी हुने प्रशिक्षार्थीमा चित्रबहादुर थापा मगर, मनबहादुर बस्नेत, किरणनाथ योगी, धिरज थापा, सुरेश शाही, बलबहादुर बस्नेत र भुपेन्द्र बस्नेत रहेको तालिम केन्द्र प्रमुख नीरकृष्ण अधिकारीले जानकारी दिएका छन्। गणेश रावतलाई १०४ डिग्री ज्वरो आएको बताइएको छ। उनको टीकापुरस्थित अस्पतालमा उपचार भइरहेको छ। उनीहरुमध्ये ६ जनाको अवस्था गम्भीर रहेकाले थप उपचारका लागि हेलिकोप्टरमार्फत् सुर्खेत र त्यहाँबाट स्काई ट्रकमार्फत् काठमाडौं लगिएको तालिम केन्द्र प्रमुख अधिकारीले जानकारी दिए।

धनगढी उपमहानगरपालिकाले नगर क्षेत्रमा जडान भएका सडक बत्ती राति १० बजेसम्म मात्र सञ्चालन गर्ने भएको छ। अत्यधिक गर्मीका कारण विद्युत् लोड अधिक बढ्दै गएकाले रातिको समयमा सडक बत्ती बन्द गर्ने निर्णय गरिएको उपमहानगरपालिकाले जनाएको छ। लोड बढ्दा ट्रान्सफर्मर जल्ने, फ्युज जाने तथा लाइन ट्रिप हुनेजस्ता समस्या समयसमयमा गरिएका सडक बत्तीहरु शनिबारदेखि राति १० बजेसम्ममात्र सञ्चालन गरिने नगर प्रमुख गोपाल हमालले सामाजिकसञ्जालमार्फत् जानकारी दिएका छन्।

*हेटौंडा कपडा*

# उद्योग ब्युँताउन अर्का उद्योगमन्त्रीको चासो

सन्देश संवाददाता

हेटौंडा/बिगतमा सरकारहरुले हरेक बजेटमा हेटौंडा कपडा उद्योग पुनर्सञ्चालन ल्याइने बताउँदै आएको छ। उद्योग सार्वजनिक–निजी साझेदारीमा सञ्चालनमा ल्याइने बजेटमार्फत् बताइएको हो। यसो भनिएको सातौं पटक भएको छ। आर्थिक वर्ष २०७८/०७९ को बजेटमा पनि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले नै यसबारे घोषणा गरेका थिए। उद्योग पुनर्सञ्चालनमा ल्याउन तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीले बागमती प्रदेशसभा बैठकमा नयाँ मेसिन ल्याएर उद्योग चलाउने बताउन भ्याएका थिए।

चरम राजनीतिकरण र प्रशासनिक कमजोरीका कारण बन्द भएको उद्योग पुनर्सञ्चालन गर्ने भन्दै ७ उद्योग मन्त्रीले प्रयास गरे। डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा त ९ करोड अनुदान नै दिइयो। उक्त रकम खोलामा पानी बगेसरह बग्यो। २०७० सालमा तत्कालीन माओवादीको हेटौंडा महाधिवेशनका क्रममा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले उद्योग जसरी पनि सञ्चालन गरिछाड्ने भाषण गर्दा मन्त्रिपरिषद्ले उद्योग खारेज गरेर भवन र भौतिक पूर्वाधारबापत् रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा शेयरका रुपमा लगानी गर्ने निर्णय गरेको थियो।

निरन्तर घाटामा गएर उद्योग चल्नै नसक्ने अवस्था आएपछि २०५७ माघ १८ गते मन्त्रिपरिषद् निर्णयले कामदार र कर्मचारीलाई सामूहिक अवकास दिइ उद्योग बन्दको घोषणा गर्‍यो। सरकारले २०६९ माघ १२ मा उद्योग खारेज गर्दै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई मूल्यांकन स्वीकृत गर्दै लिलाम गर्ने अधिकार दियो। लिलाम गर्न दिइएको अधिकार सदुपयोग गर्दै कार्यालयले मेसिनको ८ करोड १४ लाख २७ हजार ६ सय ५० रुपियाँ र भवन तथा भौतिक पूर्वाधारको ८ करोड १२ लाख २५ हजार रुपियाँ मूल्यांकन गरेको थियो।

लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुनर्सञ्चालन गर्ने तयारी नयाँ सरकारले पनि अगाडि बढाएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले हेटौंडा औद्योगिक क्षेत्रको निरीक्षण गर्दै उद्योग पुनर्सञ्चालनका लागि सरकार गम्भीर रहेको बताएकी हुन्।

स्थलगत् निरीक्षणपछि मन्त्री यादवले बन्द तथा रुग्ण उद्योग पुनर्जीवन गर्ने सरकारी योजनाअन्तर्गत् हेटौंडा कपडा उद्योगलाई प्राथमिकतामा राखिएको उल्लेख गरिन्। उद्योग सञ्चालनका लागि आवश्यक प्राविधिक अध्ययन, संरचना मर्मत तथा लगानीको मोडालिटीबारे मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ। निरीक्षणका क्रममा उद्योगभित्र रहेका मेसिन, भवन तथा अन्य पूर्वाधारको अवस्थाबारे जानकारी लिइएको थियो। लामो समयदेखि प्रयोगविहीन हुँदा अधिकांश संरचना जीर्ण बनेका छन्। सरकारले उद्योग सञ्चालनका लागि आवश्यक सुधार तथा व्यवस्थापन प्रक्रिया अघि बढाएको जनाएको छ।

कपडा उत्पादनको क्षेत्रमा इतिहास बोकेको हेटौंडा कपडा उद्योग बन्द भएको २५ वर्ष भएको छ। सरकारले २०५७ माघ १८ गते उक्त उद्योग बन्द गर्ने निर्णय गरेको थियो। २०३५ माघ ५ बाट सञ्चालनमा आएको उक्त उद्योग लगभग २२ वर्ष सञ्चालनमा रहेर बन्द भएको थियो। उद्योग चलेको समयभन्द बन्द भएको समय धेरै भएको हेटौंडा कपडा उद्योग बालेन सरकारले ब्युँताउलान् भन्ने आशा जगाएको छ। सोही कारण उद्योग मन्त्री यादव निरीक्षणका लागि हेटौंडा झरेकी हुन्। तर, उद्योग सञ्चालनमा ल्याउन भने सहज देखिँदैन।

हेटौंडा औद्योगिक क्षेत्रको १ सय ९२ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगका भवनहरु जीर्ण भइसकेका छन्। ती भवनमा उद्योग सञ्चालन गर्न सजिलो नहुने सरोकारवालाहरु बताउँछन्। हाल पनि उद्योगका केही भवनमा पानी जमेर आहाल बनेको छ। विद्युतीय प्रणाली ध्वस्त छ। मेसिनमा धागो कुहिएर बसेका छन्। मेसिनमा अड्किएका कपडाहरु त्यहीं सडेका छन्। बाहिरबाट हेर्दा उद्योग क्षेत्र खण्डहर देखिन्छ। उद्योग परिसरमा सशस्त्र प्रहरीको एउटा गण स्थापना गरिँदा सरसफाइमा केही सुधार देखिए पनि भवन दिनानुदिन जीर्ण बन्दै गएको छ।

हेटौंडालाई देशविदेशमा चिनाउनेदेखि मकवानपुरका हजारौं नागरिकलाई रोजगारी प्रदान गरेको उद्योग सञ्चालनमा ल्याउन सके देशकै लागि हित हुने मकवानपुरका इतिहासकार बताउँछन्। राजनीतिको शिकार हेटौंडा कपडा उद्योग बनेको हो। यससहित देशभर बन्द भएका सरकारी उद्योगहरु सञ्चालनमा ल्याउन सके नेपालीले देशमै रोजगारी पाउने उनीहरुको भनाइ छ। २०३२ सालमा शिलान्यास भएको उद्योगमा चिनियाँ सरकारको सहयोग छ। २०३५ माघ ५ बाट सञ्चालनमा आएको उद्योग कुनै समय मकवानपुरको मात्र नभएर देशकै शान थियो। हेटौंडा औद्योगिक क्षेत्रको मात्र नभएर देशकै ठूलो उद्योगबाट उत्पादन भएका सुति धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा खरिद गर्न व्यवसायी तथा आमउपभोक्ता तँछाडमछाड नै गर्थे।

तर, २०५० तिर जब उद्योगमा राजनीतिले प्रवेश पायो, तब उद्योगको दुर्गति सुरु भयो। ट्रेड युनियनको नाममा भएको राजनीति र सरकारमा जाने दलले आफ्ना नेता तथा कार्यकर्ता भर्तिकेन्द्र बनाउँदा नाफामा रहेको उद्योग २०५७ सालसम्म आइपुग्दा पूर्ण बन्द भयो। सरकारले २०५७ माघ १८ गते उक्त उद्योग बन्द गर्ने निर्णय नै गर्‍यो। २०५९ सालमा सरकारले उद्योग खारेजीको प्रक्रिया अघि बढायो।

उद्योग बन्द भएसँगै सयौंको रोजगारी त खोसियो नै, सरकारले सबभन्दा धेरै नाफा गर्ने, नेपाली कपडालाई विश्वबजारमा ब्राण्डिङ गर्ने उद्योगको अस्तित्व माटोमा मिलायो।




आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाभै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ।। कार्यालयः हेटौंडा-२ मानस चोक ।। फोनः ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादकः माधव न्यौपाने